**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**भजनी नगरपालिका, कैलाली**

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ११ प्रमाणीकरण मिति :- २०७६/०७/२९

प्रकाशन मिति :- २०७७/१०/२९

## भाग - २

### न्यावशायिक पशुपंक्षी पालन फर्म दर्ता तथा नविकरण कार्यविधि, २०७६

भजनी नगरपालिका क्षेत्रभित्र ब्यावशायिक रुपमा पशुपंक्षी (गाई/भैंसी/बाख्रा/वंगुर/कुखुरा तथा माछा आदि) पालन गरेका संचालित फर्महरु संघ/संस्था, सरकारी, गैरसरकारी कार्यालयको सहयोग (प्राविधिक आर्थिक) पुऱ्याउन आद्यवधिक गर्न, उत्पादनको अभिलेख राख्न, क्रियाशिल बनाउन उक्त फर्महरुलाई नियमित रुपमा दर्ता तथा नविकरण गर्न नगरपालिका पशु सेवा शाखाले यो पशुपंक्षी फर्म दर्ता तथा नविकरण कार्यविधि तयार गरिएको छ ।

**(क) संक्षिप्त नाम र प्रारम्भः-**

१. यस कार्यविधिको नाम अर्को अर्थ नलागेमा "पशुपंक्षी फर्म दर्ता तथा नविकरण कार्यविधि २०७६" रहनेछ ।

२. यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत भएको मिति देखि तत्काल प्रारम्भ हुनेछ ।

**(ख) परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा निम्न अनुसार परिभाषित गरिएको छ ।

१. **पशुपंक्षी फर्मः-** ब्यावस्थित तरिकाले ब्यावशायिक रुपमा कुनै एक पशु वा पंक्षी तोकिएको मापदण्ड, ब्यावस्थापन, संख्या तथा जात अनुसारका पशुपंक्षी पालिएको पेशा ब्यावसाय तथा स्थापना भएको स्थान विशेषलाई फर्म मनिनेछ।

२. **पशुः-** पशु फर्ममा पालिएका उत्पादनशिल, उन्नत वर्ण शंकर जातका पशुहरु गाई/भैंसी/बाख्रा/बंगुर/भेडा/माछा आदिलाई सम्झिनु पर्नेछ ।

३. **पंक्षीः-** उत्पादनशिल उन्नत स्थानिय जातका कुखुरा, हाँस लौकाट, टर्की, वटटाई आदि सम्झनु पर्नेछ ।

४. **संचालकः-** संचालक भन्नाले उक्त पशुपंक्षी पालन फर्मका सम्पूर्ण ब्यवस्थापन गरी लाभ लागत जोखिम बहन गर्ने, ब्यक्ति, एकल, साझेदार आदि लाई सम्झनुपर्छ ।

५. **मापदण्डः-** पशु पंक्षी फर्म दर्ता तथा नविकरण कार्यविधिले निर्माण गरिएको मापदण्डलाई पशुपंक्षी फर्म दर्ता तथा नविकरण मापदण्ड बुझ्नु पर्नेछ ।

६. **नविकरणः-** संचालित एक पटक दर्ता भई नियमित रुपमा फर्म आद्यवधिक लागि गरिने कार्यलाई नविकरण बुझ्नु पर्नेछ ।

७. **पशु विमाः-** पशुहरुको जोखिम न्यूनिकरणका लागि नेपाल सरकारको मान्यता प्राप्त विमा कम्पनीसंग करार गरी प्रक्रिया अगाडी बढाई पशुको विमा कार्यलायलाई सम्झनु पर्छ ।

८. जैविक सुरक्षा ः जैविक सुरक्षा भन्नाले पशु पंक्षीहरु बाहय पशुपंक्षी तथा अन्य आक्रमणबाट सुरक्षीत रहेको र आन्तरीक रुपमा हिड डुल गर्न सक्ने वातावरण भएको सम्झनु पर्छ ।

**<u>(ग) फर्म दर्ताको प्रक्रियाः-</u>**

१. फर्म दर्ता गर्न आउने ब्यवसायीले यस कार्य विधिमा उल्लेख गरिएको मापदाण्डको पशुको जात र संख्या अनुसार पशु/पंक्षी पालिएको हुनु पने तथा ब्यवसाय शुरुवात गरेको हुनुपर्नेछ ।

२. पशु/पंक्षीको लागि आवश्यक गोठ/खोर ब्यवस्थित रुपमा निर्माण गरेको हुनुपर्नेछ ।

३. पशुहरुको आहाराको सुनिश्चितता भएको आहारा ब्यवस्थापन तथा भण्डारण गरेको उन्नत, मौसम अनुसारको घाँस खेती गरिएको ।

४. ब्यावशाय संचालनका लागि आवश्यक पूर्वाधार भएको बाटो, विजुली, उपकरण, यन्त्र आदि उपलब्ध भएको ।

५. जैविक सुरक्षाहरु अपनाएको/ छाडा रुपमा पशु नपालेको ।

६. जोखिम न्यूनिकरण लागि पशु विमा गरेको ।

७. फर्म संचालनको पुर्ण विवरण सम्बन्धित वडाको सिफारिसका साथै तोकिएको ढाँचामा दरखास्त निवेदन सहित नगरपालिका पशु सेवा शाखामा आएमा फर्म दर्ता गरिनेछ ।

८. फर्म दर्ता पश्चात नियम अनुसार सम्बन्धित निकायमा आन्तरिक राजश्व कार्यालयमा दर्ता गरेको हुनु पर्नेछ ।

९. प्राकृतिक ताल तलैया नदी आदिमा माछा पालन ब्यावशाय संचालन गर्ने ब्यावशायको फर्म दर्ता गर्न सकिनेछ । उक्त फर्मको दर्ता स्थानिय तह तथा सरोकारवाला संग सम्झौता सहमति स्वीकृत कागजात अनिवार्य पेश गर्नुपर्नेछ । उक्त फर्मको संचालन समयवधि सोही सम्झौता अनुसार मान्य हुनेछ ।

१०. पंक्षी पालन फर्म दर्ता गर्दा उन्नत तथा स्थानिय पंक्षी हाँस, कुखुरा/लौकाट टर्की, वटटाइको फर्म, घरेलु तथा साना उद्योगमा दर्ता गर्नु पर्नेछ । उक्त कार्यालयमा दर्ता भएको फर्महरुलाई वर्ड फलु ऐन २०६४ संग सम्बन्धित रही पशु सेवा शाखामा फर्म दर्ता गर्नु पर्नेछ ।

११. फर्म दर्तामा लागि फर्म (पशुपंक्षी/पोखरी) आदिको स्पष्ट देखिने फोटो ।

**<u>(घ) नविकरण प्रक्रियाः-</u>**

१. एक पटक दर्ता भई सकेको फर्महरु प्रत्येक २ वर्षमा नविकरण गर्नु पर्नेछ ।

२. नविकरण गर्न आउँदा संचालित फर्मको क्रियाकलाप (कार्य विवरण) पशुहरुको तथ्याङक, उत्पादन तथ्याङक, लागत विवरण र कर तिरेको रसिद सहित दरखस्त पेश गरी नविकरण गर्नुपर्नेछ ।

पशु पंक्षी पालन फर्म दर्ता तथा नविकरण शुल्क नगरपालिका नगर सभा/कार्यपालिकाले निर्धारण गरेको शुल्क/राजश्व बुझाउनु पर्नेछ ।

**(ङ) फर्म वर्गिकरण मापदण्डः-**

फर्ममा पालिएको पशु पंक्षीको संख्या तथा माछा पालनको हकमा क्षेत्रफलको आधारमा साना, मझौला, ठुला फर्म गरी ३ किसिमको फर्मको वर्गिकरण गरी मापदण्ड तयार गरिएको छ । पशु पंक्षी पालन फर्म पशु पंक्षीको संख्या तथा माछाको हकमा क्षेत्रफल अनुसार साना/मझौला/ठुला फर्महरुमा वर्गिकरण आवश्यक भएकोले निम्न अनुसार पशुपंक्षी पालन फर्म वर्गिकरण गरिएको छ ।

१. **साना पशु तथा माछा पालन फर्मः** उत्पादनशिल/उन्नत गाईभैंसी ३ देखि ५ गोटा, भेडा बाख्रा १५ देखि ५० गोटा, बंगुर ५ देखि १० गोटा, कुखुरा, हाँस, ब्रोइलर, लेयर्स ५०० देखि १,००० गोटा र १,००० वर्गमिटर क्षेत्रफलमा माछा पालिएको हुनुपर्छ ।

२. **मझौला पशुपंक्षी तथा माछा पालन फर्मः** उत्पादनशिल/उन्नत गाईभैंसी ६ देखि २० गोटा सम्म, भेडा बाख्रा ५१ देखि बढी १०० गोटा सम्म, बंगुर १० देखि २० गोटा सम्म, कुखुरा, हाँस, ब्रोइलर, लेयर्स १,००० देखि २,५०० गोटा सम्म । १,००० देखि १०,००० वर्ग मिटर क्षेशफलमा माछा पालिएका हुनुपर्नेछ ।

३. **ठुला पशुपंक्षी तथा माछा पालन फर्मः** उत्पादनशिल/उन्नत गाईभैंसी २० भन्दा बढी, भेडा बाख्रा १०० गोटा भन्दा बढी, कुखुरा, हाँस, ब्रोइलर, लेयर्स २,५०० गोटा भन्दा बढी, माछापोखरीको क्षेत्रफल १०,००० वर्गमिटर भन्दा बढी।

च) **दर्ता अभिलेख** ः यस कार्यविधि अनुसार दर्ता हुन आएका न्यावशायिक पशुपंक्षी फोर्म दर्ता तथा नविकरणको अभिलेख भजनी नगरपालिका पशु सेवा शाखाले राख्नुपर्ने छ ।

श्रीमान कार्यालय प्रमूख ज्यू ।                                        मितिः.................................................

भजनी नगरपालिका

पशु सेवा शाखा, भजनी, कैलाली

**विषयः- फर्म दर्ता गरी पाउँ ।**

मैले विगत ............... सालमा स्थापना गरी हाल सम्म भजनी नगरपालिकाल वडा नं. ........... टोल............................................... मा ब्यवसायिक रुपमा .............................. संख्या ............. पालि रहेकोले सो फर्मको तपसिलका विवरण यसै साथ संलग्न गरी नियमानुसार फर्म दर्ता गरी पाउँ भनि यो निवेदन पेश गरेको छु ।

**<u>तपसिल</u>**

१. नागरिकता प्रतिलिपी

२. सम्बन्धित वडाको सिफारिस पत्र

३. पशुपंक्षीको तथ्याङ्क विवरण

४. फर्मको भौतिक पूर्वाधारको विवरण

५. आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाण पत्रको प्रतिलिपी

६. अन्य कागजातहरु

**<u>निवेदक</u>**

फर्मको

नामः..................................................

दस्तखत : ................................................

संचालकको

नामः.........................................

ठेगानाः...............................................

सम्पर्क

नं.......................................................

श्रीमान कार्यालय प्रमूख ज्यू ।    मितिः.................................................

भजनी नगरपालिका
पशु सेवा शाखा, भजनी, कैलाली

**विषयः- नविकरण गरी पाउँ ।**

मैले विगत ................ सालमा फर्म दर्ता गरी हाल सम्म भजनी नगरपालिकाल वडा नं. ........... टोल............................................... मा व्यवसायिक रुपमा ............................... संख्या ............. पालि रहेकोले सो फर्मको तपसिलका विवरण यसै साथ संलग्न गरी नियमानुसार फर्म नविकरण गरी पाउँ भनि यो निवेदन पेश गरेको छु ।

**तपसिल**

१. सम्बन्धित वडाको सिफारिस पत्र

२. पशुपंक्षीको तथ्याङ्क विवरण

३. फर्मको भौतिक पूर्वाधारको विवरण

४. आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाण पत्रको नविकरण प्रतिलिपी

५. पशुपंक्षी उत्पादन अभिलेख

६. अन्य कागजातहरु

**निवेदक**

फर्मको
नामः...................................................
दस्तखत : .....................................
संचालकको
नामः.........................................
ठेगानाः.........................................................
सम्पर्क
नं..............................................................

## भजनी नगरपालिका वडा नं. .............

## भजनी, कैलाली

मितिः..................................................

फर्ममा पालिएको पशुको विवरणः

| सि.नं. | विवरण | जात | उमेर | लिË | संकेत नं. | हालको बजार मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ज्ञ | | | | | | | |
| द्द | | | | | | | |
| घ | | | | | | | |
| द्ध | | | | | | | |
| छ | | | | | | | |
| ट | | | | | | | |
| ठ | | | | | | | |
| * | | | | | | | |
| ढ | | | | | | | |
| ज्ञण | | | | | | | |
| ज्ञज्ञ | | | | | | | |
| ज्ञद्द | | | | | | | |
| ज्ञघ | | | | | | | |
| ज्ञद्ध | | | | | | | |
| ज्ञछ | | | | | | | |
| ज्ञट | | | | | | | |
| ज्ञठ | | | | | | | |
| ज्ञ* | | | | | | | |
| ज्ञढ | | | | | | | |

**भजनी नगरपालिका वडा नं. ..............**

**भजनी, कैलाली**

मितिः.....................................................

फर्मको भौतिक पूर्वाधार विवरणः

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा लागत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ज्ञ | गोठ निर्माण | वर्ग मिटर | | | | |
| द्द | भण्डारण घर | वर्ग मिटर | | | | |
| घ | विद्युत जडान | पटक | | | | |
| द्ध | पम्पसेट सिचाईका लागि | थान | | | | |
| छ | च्याफ कटर | थान | | | | |
| ट | पानी मोटर जडान | थान | | | | |
| ठ | सवारी साधन | थान | | | | |
| * | घाँस खेती | हेक्टर | | | | |
| ढ | पराल | टन | | | | |
| ज्ञण | भुसा | टन | | | | |
| ज्ञज्ञ | अन्य | | | | | |
| ज्ञद्द | | | | | | |
| ज्ञघ | | | | | | |
| ज्ञद्ध | | | | | | |
| ज्ञछ | | | | | | |

**भजनी नगरपालिका वडा नं. ..............**

**भजनी, कैलाली**

मितिः..................................................

माछा पालन फर्मको भौतिक पूर्वाधार विवरणः

| **सि.नं.** | **विवरण** | **इकाई** | **परिमाण** | **दर** | **जम्मा लागत रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| ज्ञ | माछा पोखरी निर्माण | वर्ग मिटर | | | | |
| द्द | पम्पसेट सिचाईका लागि | पटक | | | | |
| घ | विद्युत जडान | पटक | | | | |
| द्ध | सवारी/ढुवानी साधन | थान | | | | |
| छ | | | | | | |
| ट | | | | | | |
| ठ | | | | | | |
| * | | | | | | |
| ढ | | | | | | |
| ज्ञण | | | | | | |

## भजनी नगरपालिका, पशु सेवा शाखा, भजनी कैलाली

### फार्म दर्ता रजिष्टरको नमुना

| दर्ता नं. | दर्ता मिति | फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम | पशुपक्षी संख्या | खोरको क्षमता | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## भजनी नगरपालिका, पशु सेवा शाखा, भजनी कैलाली

### फार्म नविकरण रजिष्टरको नमुना

| सि. नं. | फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम | दर्ता नं., मिति | नविकरण मिति | पशुपक्षी संख्या | खोरको क्षमता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

## पशुपंक्षी पालन समूह/समिति दर्ता तथा नविकरण (कार्यविधि २०७६)

**प्रस्तावनाः** यस भजनी नगरपालिका क्षेत्र भित्रका कृषकहरुको समुह/समिति परिचालन गर्न क्रियाशिल बनाउन सरकारी, गैरसरकारी/संघ संस्थाको कार्यक्रम संचालन समूह/समिति अद्यावधिक गर्न निश्चित किसिमका पशुपंक्षी (गाई/भैंसी, भेडा, बाख्रा, बंगुर/कुखुरा, हाँस, ब्रोइलर, लेयर्स, माछा आदि) पालन गरेको उत्पादन उद्देश्य (दुध, अण्डा, उन) लागि समूह/समिति गठन गरी उक्त समूह/समिति दर्ताका लागि यो समूह/समिति दर्ता तथा नविकरण कार्यविधि २०७६ तयार गरिएको छ ।

**(क) संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम "समूह/समिति फर्म दर्ता तथा नविकरण कार्यविधि २०७६" रहनेछ ।

२. यो समूह/समिति दर्ता नविकरण कार्यविधि २०७६ कार्य पालिकाको स्वीकृत मिति देखि तत्काल लागु हुनेछ ।

**(ख) परिभाषाः** समूह समिति दर्ता नविकरण कार्यविधि २०७६ अर्को अर्थ नलागेका निम्न अनुसार पारिभाषित गरिएको छ ।

**१. समूहः** निश्चित पशुपालन (गाई, भैंसी, भेडा, बाख्रा, बंगुर, कुखुरा, हाँस, माछा आदि) निश्चित उत्पादन उद्देश्य ( मासु, दुध, अण्डा, उन) का लागि नगर क्षेत्रका गाउँ/टोल वडा भित्रका महिला/पुरुष वा मिश्रित रुपमा भेला भइ छलफल गरी समूह निर्माण गठन भएको जमात समूह मानिनेछ ।

**२. समितिः** गाउँ/वडा तथा नगर क्षेत्र भित्रका विभिन्न समूहहरु सहभागि समन्वय गराइ गठन गरी बनाइकालाई समिति मानिनेछ ।

**३. समूह/समिति गठनः** वडा, गाउँ, टोलका कृषकहरु भेला भइ समूह/समिति संचालन, कार्यन्वयन सक्रियताका लागि पदाधिकारीहरुको छनौट गरी समूह/समिति गटन गर्न सक्नेछन् ।

**(ग) समूह गठन प्रक्रिया पदावधि तथा क्रियाकलापः** देहाय बमोजिम समूह गठन प्रक्रिया, पदावधि र क्रियाकलाप हुनेछन ।

१. निश्चित किसिमका पशु/पंक्षी पालनका लागि आफनो गाउँ/टोल वडाका कृषकहरु भेला भई छलफल चलाई समूह गठन गर्न सकिनेछ ।

२. समूह निर्माण गर्दा पायक पर्ने, विचार उद्देश्य मिल्ने सम्भव भए सम्म नजिकका कृषकहरु वीच समूह गठन गर्न सकिने छ ।

३. एक समूहमा १० देखि २५ जना सम्मको सहभागी सदस्यहरु राख्न सकिनेछ ।

४. समूह बनाउदा सम्भाव भएसम्म समानुपातिक किसिमको, दलित, जानजाति, महिला, पुरुषहरुको समूह निर्माण गर्नु पर्नेछ ।

५. यस्ता समूह बनाउँदा/महिला/पुरुष/मिश्रित पनि बनाउन सकिन्छ ।

६. समूह निर्माण गर्दा कृषकहरु आफै स्वतः स्फुर्त ढंगले वा गैर सरकारी/सरकारी संघ संस्थाको सहयोगमा निर्माण गर्न सकिनेछ ।

७. समूह निर्माण गर्दा विधि अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य सदस्यहरु हुने गरी समूह गठन गर्न सकिन्छ । कम सहभागी सदस्य संख्या भएको समूहमा उपाध्यक्ष राख्न आवश्यक हुने छैन ।

**(घ) समूह/संचालन विधि प्रक्रियाः-**

१. समूह निर्माण पश्चत प्रत्येक महिनाको निश्चित गरिएको मिति स्थानमा नियामित बैठक संचालन गर्नु पर्नेछ ।

२. नियमित बैठकको दिन उक्त महिनामा पशु पालन सम्बन्धि क्रियाकलापको बारेमा छलफल चलाउनु पर्नेछ । उक्त छलफलको प्रस्ताव निर्णय, निष्कर्ष अनिवार्य रुपमा छलफल भएका विषय निर्णय पुस्तिकामा लेखन गरिनेछ ।

३. प्रत्येक सदस्यहरु तोकिएको रकम हितकोष वापत रकम अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ । उक्त रकम पायक पर्ने बैंक/सहकारीमा खाता खोली जम्मा गर्नु पर्नेछ । खाता संचालन गर्दा समूह अध्यक्ष, कोषाध्यक्ष, सचिवको संयुक्त दस्तखतमा बचत खाता खोली संचालन गर्नु पर्नेछ ।

४. उक्त हितकोषको रकम विशुद्ध रुपमा पशुपालन कार्यका लागि सामूहिक/व्यक्तिगत ऋृण सहयोग रुपमा लगानी गर्न सकिनेछ । उक्त रकमलाई निश्चित गरिएको न्यून ब्याजदरमा लगानी गर्नुपर्नेछ । उक्त रकमका ब्याज, साँवा तोकिएको समयमा बुझाउनु पर्नेछ । अन्यथा समूहले हार्जना तोकी ब्याज, साँवा असुल गर्न सक्नेछ ।

५. समूहले आफूले पालेको पशुहरुको अभिलेख राख्नु पर्नेछ । उक्त अभिलेख स्थानिय तह सम्बन्धित शाखा सरोकारवाला संघसंस्थामा फोम दर्ता बखत र नविकरण गर्दा बखत बुझाउनु पर्नेछ ।

६. पशुधन जोखिम न्यूनिकरणका लागि पशु विमा गर्नु पर्नेछ ।

७. समूहको संक्षिप्त विधान तयार गर्नुपर्नेछ । उक्त विधान संम्बन्धित निकाय सरोकारवाला संघसंस्थामा पेश गर्नु पर्नेछ ।

८. समूहको पदाधिकारीको कार्यअवधि २ वर्षको हुनेछ । उक्त कार्यअवधि पछि पुनः अर्को पदाधिकारी विधिपूर्वक छनौट गर्नुपर्नेछ । कुनै पदाधिकारी, निस्किय भएमा जिम्मेवारीबाट बंचित हुन चाहेमा/बंचित गर्नु पर्ने भएमा छलफल गरी नियमानुसार उक्त पदबाट वा समूहबाट बंचित गर्न सकिनेछ । अथवा कुनै पदाधिकारी गैर जिम्मेवारीपूर्ण, आचरण विपरित समूह समिति विपरित कार्य गरेमा समुह विधानमा ब्यवस्था भएको आधारमा उक्त समूह/पदबाट हटाउन सकिने छ ।

**(ङ) समूहका पदाधिकारीहरुको जिम्मेवारी दायित्व कर्तब्य देहाय बमोजिम हुनेछ ।**

**१. अध्यक्षः** अध्यक्षता ग्रहण गर्ने बैठक संचालन गर्ने र छलफलका लागि आह्वान गर्न निर्णय लिने । कोषको जिम्मेवारी लिन समन्वय गर्ने ।

**२. उपाध्यक्षः** अध्यक्ष नभएमा अध्यक्ष जिम्मेवारी उपाध्यक्षले गर्ने ।

**३. सचिवः** समूहको निर्णयमा सहयोग पुऱ्याउने अभिलेख राख्ने । अन्य लेखन कार्य गर्न ।

**४. कोषाध्यक्षः** कोषको सम्पूर्ण काम गर्ने ।

**५. सदस्यहरुः** छलफलमा सहभागी हुने आवश्यक निर्णय विचार, मत जाहेर गर्ने ।

**(च) समूह/समिति दर्ता प्रक्रियाः-** समूह/समिति गठन प्रक्रिया नगरपालिका पशु सेवा शाखामा दर्ता गर्नुपर्नेछ । समूह/ दर्ताका लागि निम्न प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) समूह/समिति विधान तयार गरी पेश गर्नुपर्नेछ ।

(ख) समूहको हितकोष विवरण (जम्मा रकम, लगानी रकम, मौज्दात, नगद आदि) खाता संचालनको विवरण, वित्तिय संस्थाको नाम आदि उल्लेख गर्नुपर्नेछ ।

(ग) पशुको तथ्याङक विवरण पेश गर्नुपर्नेछ ।

(घ)समूह/समितिको निर्णय प्रतिलिपि

(ङ) सम्बन्धित वडाको सिफारिस पत्र

(च) समूह/समिति दर्ताका लागि नगरपालिकाले तोकेको राजश्व दस्तुर बुझाएको रसिद

(छ) तोकिएको ढाँचाको निवेदन दरखास्तमा समुह/समितिले तयार पारेको प्रमाणीत छाप सहित पेश गर्नु पर्नेछ ।

(झ) समूहको पदाधिकारी भेलाको फोटो आदि

**<u>(छ) समूह नविकरणः</u>** संचालित समूह नविकरण नियमित रुपमा गर्नुपर्नेछ । समूहको सम्बन्धित कागजात र समूहको निर्णय प्रतिलिपी तोकिएको ढाँचाको दरखास्त फाराम सहित पशु सेवा शाखामा सम्पर्क राख्ने ।

१. सम्बन्धित वडाको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. समूहको विवरण (दलित/जनजाति/अन्य विवरण/हितकोष विवरण), पशुको तथ्याङ्क पेश गर्नु पर्नेछ ।

३. वार्षिक आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ज) **दर्ता अभिलेख** ः यस कार्यविधि अनुसार दर्ता हुन आएका पशुपंक्षी पालन समुह/समिति दर्ता तथा नविकरणको अभिलेख भजनी नगरपालिका पशु सेवा शाखाले निश्चित ढाँचामा राख्नुपर्ने छ ।

# समुह दर्ताको लागी निवेदन

श्रीमान कार्यालय प्रमूख ज्यू ।                                        मितिः...................................................

भजनी नगरपालिका

पशु सेवा शाखा, भजनी, कैलाली

**विषयः- समुह दर्ता गरी पाउँ ।**

श्री ............................................ शाखा/इकाई /संस्थाको सहयोगमा/ हामि आफै संगठित भई .................................... न.पा.मा गठन भएको हाम्रो समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरीकताको प्रतिलिपी सहित यो निवेदन गरिएको छ ।

.......................................................

समुह अध्यक्षको दस्तखत

नाम ः

मिति ः

समुहको विवरण

समुहको नाम ः.............................................. स्थापना वर्ष ः .................................................

ठेगाना, .......................जिल्ला ................ न.पा.........................वडा नं. ............. टोल .......................

समुहको उदेश्य ः .................................................................

नियमित बैठक बस्ने दिन ................................

प्रति महिना समुहको हितकोषमा संकलन हुने रु. ........................

हालसम्म हितकोषमा जम्मा रकम रु. ....................................

सिफारीस गर्ने सेवा/सम्पर्क केन्द्रको प्रमुखको सहि .....................

सम्पर्क नं. ...................................

श्रीमान कार्यालय प्रमूख ज्यू ।                                        मितिः.................................................

भजनी नगरपालिका

पशु सेवा शाखा, भजनी, कैलाली

**विषयः- समुह नविकरण गरी पाउँ ।**

विगत ................ सालमा समूह/समिति दर्ता गरी हाल सम्म भजनी नगरपालिका वडा नं. ............ टोल................................................ मा समूह/समिति क्रियाशिल भई संचालन भई रहेकाले समूह/समितिको तपसिलका विवरण यसै साथ संलग्न गरी नियमानुसार समूह/समिति नविकरण गरी पाउँ भनि यो निवेदन पेश गरेको छौं ।

**तपसिल**

१. सम्बन्धित वडाको सिफारिस पत्र

२. पशुपंक्षीको तथ्याङ्क विवरण

३. समूह/समितिको विवरण

४. हितकोष विवरण

५. पशुपंक्षी उत्पादन अभिलेख

६. समूह/समितिको निर्णय प्रतिलिपी

७. अन्य कागजातहरु

**निवेदक**

समूह/समितिको नामः...............................

दस्तखत :

अध्यक्षः................................................

सचिवः........................................................

कोषाध्यक्षः..................................................

ठेगानाः.......................................................

सम्पर्क नं.....................................................

भजनी नगरपालिका, पशु सेवा शाखा, भजनी कैलाली

समुह दर्ता रजिष्टरको नमुना

| सि.न. | दर्ता नं. | दर्ता मिति | समुहको नाम | ठेगाना | समुहको किसिम | स. स. संख्या | गठन मिति | समुह हित कोष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## पशुपंक्षी पालन समुह दर्ता प्रमाणपत्र नमुना

भजनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भजनी कैलाली

सुदुरपश्चिम प्रदेश

## पशुपंक्षी पालन समुह दर्ता प्रमाणपत्र

समुह पद्धतीलाई सुब्यवस्थित गर्दै पशुपालन कार्यलाई टेवा पुर्याउने उदेश्यले यस जिल्लाको ......................न.पा. वडा नं. ................मा मिति ......................मा गठित श्री .......................... पशुपंक्षी पालन समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

...................................................... ......................................................

शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

(कृर्षी शाखा)

| क्र.स. | नविकरण मिति | | नविकरण गर्ने कार्यालय प्रमुख | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत